बर्दिवास नगरपालिकाका नगर प्रमुख श्री प्रहलाद कुमार क्षेत्री ज्युको अध्यक्षतामा मिति २०८० चैत्र १६ गते बसेको नगर कार्यपालिकाको बैठकको उपस्थिति ।

**उपस्थिति**

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री प्रहलाद कुमार क्षेत्री | प्रमुख | |
| २ | श्री तारा देवी | उप प्रमुख | |
| ३ | श्री भोला खड्का | वडा अध्यक्ष-१ | |
| ४ | श्री धिरेन्द्र कुमार सिंह | वडा अध्यक्ष-२ | |
| ५ | श्री विराट कुमार विष्ट | वडा अध्यक्ष-३ | |
| ६ | श्री अक्कल बहादुर तमाङ | वडा अध्यक्ष-४ | |
| ७ | श्री काहार मान स्याङ्गवा | वडा अध्यक्ष-५ | |
| ८ | श्री पदम बहादुर आले | वडा अध्यक्ष-६ | |
| ९ | श्री रामस्वगारथ यादव | वडा अध्यक्ष-७ | |
| १० | श्री समसेर सिंह | वडा अध्यक्ष-८ | |
| ११ | श्री घुरन महतो | वडा अध्यक्ष-९ | |
| १२ | श्री प्रमोद कुमार मोक्तान | वडा अध्यक्ष-१० | |
| १३ | श्री पूर्ण वहादुर बल | वडा अध्यक्ष-११ | |
| १४ | श्री राम किशोर साह | वडा अध्यक्ष-१२ | |
| १५ | श्री लक्ष्मण सिंह | वडा अध्यक्ष-१३ | |
| १६ | श्री विजय कुमार महतो | वडा अध्यक्ष-१४ | |
| १७ | श्री तिर्थ बहादुर अछामी | कार्यपालिका सदस्य | |
| १८ | श्री विन्देश्वर साह | कार्यपालिका सदस्य | |
| १९ | श्री रामचलित्तर पंजियार | कार्यपालिका सदस्य | |
| २० | श्री लक्ष्मी कोइराला | कार्यपालिका सदस्य | |
| २१ | श्री अन्सीला कुमारी | कार्यपालिका सदस्य | |
| २२ | श्री विना कुमारी पाख्रिन | कार्यपालिका सदस्य | |
| २३ | श्री प्रतिमा कुमारी विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २४ | श्री ऐश्वर्य वोम्जन तमाङ | कार्यपालिका सदस्य | |
| २५ | श्री धर्मानन्द जोशी | प्रमुख प्रशासकीय अधिकृत(सदस्य सचिव) | |

## निर्णय

१ गौरी डाँडामा Bardibas Business complex निर्माण गर्न ग्रीन टेक कन्सल्टेन्सी प्रा.लि. वसुन्धरा काठमाडौं द्वारा तयार भई मिति २०८०/१२/१६ मा सार्वजनिक गरीएको विस्तृत परियोजना प्रतिवेदन (DPR) स्वीकृत गर्ने । उक्त DPR वमोजिम ठेक्का लगाउन कार्यालयलाई निर्देशन दिने ।

२ नगरपालिकावाट निर्माण हुने कानून, कार्यविधि तथा निर्देशिकाहरुको गहन अध्ययन गरि सुझाव सहित कार्यपालिकाको वैठकमा पेश गर्न देहाय वमोजिम विधायन समिति गठन गर्ने ।

विद्यालय समिति

श्री तारा देवि महतो - नगर उप-प्रमुख — संयोजक

श्री विजय कुमार महतो - वडा अध्यक्ष वडा नं. १४ — सदस्य

श्री विनदेश्वर साह - कार्यापालिका सदस्य — सदस्य

३ समपुरक अनुदान शिर्षकवाट देहाय वमोजिमको रकम विनियोजन गरि निर्माण सम्पन्न गराउने ।

क. जनता कलेज वर्दिवासको कम्पाउण्डवाल निर्माण रु ५ लाख ।

ख. पंचधुरा माध्यमिक विद्यालय चेरुको झ्याल ढोका निर्माण, पलास्टर र रंग रोगन गर्न रु ७ लाख ५० हजार ।

ग. वडा नं. ४ को घर संरक्षण कृषक उपभोक्ता समुहका लागि पोखरी मर्मत निर्माण गर्न यस नगरपालिका र पैरवी मञ्च विच मिति २०७८/०९/२९ मा भएको सम्झौता अनुसार निर्माण सम्पन्न भई नगरपालिकावाट लागत साझेदारी वापतको रकम प्राविधिकले तयार गरेका मुल्याङ्कन प्रतिवेदन वमोजिमको रकम भुक्तानी गर्ने।

४ वर्दिवास अस्पताल कार्यविधि २०७९ को नियम १८ मा उपदफा (३) (४) (५) र (६) थप गरि संशोधन गर्ने।

५ वर्दिवास अस्पतालमा कार्यरत विशेषज्ञ चिकित्सकहरु डा. कृषणा महर्जन, डा. किशोर अधिकारी र डा. चन्द्रमणि खत्रीलाई निजि क्षेत्रका क्लिनिक/अस्पतालमा काम (Practice) गर्न नपाउने शर्तमा मिति २०८० श्रावण १ गते देखि लागु हुने गरी मासिक तलबको शतप्रतिशत भत्ता अस्पतालको आन्तरिक कोषवाट उपलब्ध गराउने।

६ समृद्धिका लागि वन प्रयोजना वा चुरे उथान आयोजना संग समन्वय गरि वडा नं ३ को भप्सी पोखरीको तार जाली लगाई ड्याम मर्मत गर्ने ।

७ देहाय वमोजिम औषधोपचार सहायता उपलब्ध गराउने ।

क. वडा नं. ८, वेङखाडी वस्ने फुटवल खेलाडी निर ब. आले (रञ्जित) रु ५१,००० ।

ख. वडा नं. १ वस्ने अमृत व. भुजेल रु ५०,००० ।

ग. वडा नं. २ वसने अनमोल भुजेल रु ५०,०००।

घ. पिपरा गाँउपालिका वडा नं. २ वस्ने सम्भुनाथ मिश्र (अपाङ्गता शल्यक्रिया गर्न) रु ५१,०००।

CamScanner

८ देहाय बमोजिमका घर जग्गा धनीहरुलाई मुअव्जा उपलब्ध गराइदिन रेल विभागमा सिफारिस गर्ने।

२०२२ सालमा सर्भेनापी भई जग्गा धनिपुर्जा लिन मात्र बाँकी रहेको बर्दिवास नगरपालिका वडा नं. १४ साविक २५ नं. बहादुरगंज वडा नं. २ (ख) कित्ता नं. १८,२०,२४,२५,२६,२९ र ३० को जग्गा तपसिलमा उल्लेखित १४ जना व्यक्तिहरुले लामो समयदेखि हकभोग गर्दै आएको जग्गा हाल निर्माणको क्रममा रहेको राष्ट्रिय गौरवको पुर्व पश्चिम विद्युतिय रेलमार्गको बर्दिवास क्षेत्रमा ट्र्याकवेड तथा रेल्वे संरचना निर्माण खण्डमा पर्न गई उक्त घर जग्गा धनिहरुलाई रेल विभागवाट मुअव्जा उपल्वध हुन नसकेको हुँदा उल्लेखित १४ जना व्यक्तिहरुले लामो समयदेखि हकभोग गर्दै आएको सर्जमीन मुचुल्का सहित बर्दिवास नगरपालिका वडा नं. १४ को च.नं. २१६ मिति २०८०/०४/२५ को सिफारिस पत्र प्राप्त भएको र उक्त जग्गाको सर्भेनापी हुँदा फिल्डबुकमा अन्य व्यक्तिहरुको नाम उललेख भएको भएतापनि तत्कालिन जमिन्दार स्वर्गीय निर वहादुर हमालले हाल हकभोग गरेका व्यक्तिहरुलाई नै उक्त जग्गामा वसोवास गराइएको र हाल अधिकांश व्यक्तिहरुले पक्की घर निर्माण गरी वसोवास समेत गरिरहेका र साथै निज जमिन्दारका जिवित हकवाला छोराहरु कृष्ण बहादुर हमाल, चिरञ्जिवी हमाल, ईश्वर हमाल र ओमकार हमाल समेतले तपसिलका व्यक्तिहरुको नाममा नै सरकावाट दिइने क्षतिपुर्ती/ राहत/ मुआव्जा वा जग्गा धनी पुर्जा दिन मन्जुर/सहमत भई लेखि दिएको घरायसी कागजात समेतका आधारमा उक्त जग्गाहरु दर्ता छुट नम्बरी प्रकृतीको जग्गा भएकाले उक्त घर जग्गामा वसोवास गरिरहेका व्यक्तिहरुलाई दर्तावाला घर जग्गा घनी सरह नै मुआव्जा उपलब्ध गराइदिन रेल विभागमा सिफारिस गर्ने ।

| सि.नं. | नाम थर | बाबु पतिको नाम थर | बाजे ससुराको नाम थर | भोग गरेको साविक कित्ता नं. | हाल माग गरेको क्षेत्रफल |
|---|---|---|---|---|---|
| १ | खिल बहादुर ज्यू ठकुरी | लोक बहादुर | डिल्ली बहादुर | १८ | ०-३-५-० |
| २ | एक वहादुर ज्यू ठकुरी | " " | " " | २० | ०-०-१५-१० |
| ३ | प्रेम बहादुर बुढाथोकी | मान वहादुर | कमान सिंह | २० | ०-२-७-० |
| ४ | टेक कुमारी मल्ल | अमर बहादुर | तिर्थ बहदुर | २४ | ०-०-८-० |
| ५ | सम्झना हमाल | गणेश बहादुर | अमर बहादुर | २४ | ०-१-३-० |
| ६ | मोहन कुमार दाहाल | नेत्र प्रसाद | नरनाथ | २५ | ०-२-४-० |
| ७ | चुडामणी दाहाल | " " | " " | २४, २५,२६ | ०-२-४-० |
| ८ | रोशन कुमार दाहाल | " " | " " | २५ र २६ | ०-२-४-० |
| ९ | मालती खनाल | सिताराम दाहाल | गरु प्रसाद | २६ | ०-१-४-० |
| १० | बालकुमारी हमाल | भजन वहादुर | दिर्घ वहादूर | २६ | ०-१-२-० |
| ११ | लिल कुमारी हमाल | गणेश बहादुर | अमर बहादुर | २९ | ०-२-३-० |
| १२ | यम बहादुर शाही | चक्र बहादुर | बल बहादुर | २९ र ३० | ०-०-१७-० |
| १३ | अम्बिका देवी अधिकारी | भागरित्न अधिकारी | श्रीकृष्ण | ३० | ०-०-१०-५ |
| १४ | खड्क बहादुर सिंह | पदम बहादुर | ललित बहादुर | ३० | ०-०-१८-३ |

०८०/१२/१८
धर्मानन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

बर्दिवास अस्पताल संचालन कार्यविधि २०७९ लाई संशोधन गर्न बनेको मस्यौदा

बर्दिवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिवास, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७३

प्रथम संशोधन मिति २०८०/१२/१६

**नियम १८ कर्मचारीको सेवाशर्त सम्बन्धी व्यवस्थाको** उपनियम २ पछि देहाय वमोजिमको उपनियम थप गरिएको छ ।

३) उपनियम (२) बर्दिवास अस्पतालमा विशेषज्ञ चिकित्सकलाई उत्प्रेरीत गराई टिकाइ राख्न खाई पाई आएको तलवको सतप्रतिशत नन् प्रक्टिस भत्ता (संघीय शशर्त अनुदान, CEONC कार्यक्रम, अस्पतालको आन्तरिक स्रोत वा नगरपालिकाको आन्तरीक श्रोत) बाट उपलब्ध गराईने छ। यो उपनियम लागु हुनु अघि बर्दिवास अस्पताल व्यवस्थापन समितिको निर्णयबाट उपलब्ध गराईएका थप सेवा सुविधाहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ।

४) बर्दिवास अस्पतालमा २४ शै घण्टा सर्जिकल सेवा र एनेस्थेसीया सेवा र ए-क्सरे सेवामा खटिने कर्मचारीहरुलाई अतिरिक्त समयमा सेवा दिए बापत निजहरुले खाईपाइ आएको दैनिक तलव बराबरको थप सेवा सुविधा (संघीय शशर्त अनुदान, CEONC कार्यक्रम, अस्पतालको आन्तरिक स्रोत वा नगरपालिकाको आन्तरीक श्रोत) बाट उपलब्ध गराइने छ । साथै यो उपनियम लागु हुन अघि बर्दिवास अस्पताल व्यवस्थापन समितिको निर्णयबाट प्रदान गरीएका थप सेवा सुविधाहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

५) अस्पताल व्यवस्थापन समितिले जटिल, मध्यम तथा सामान्य शल्यक्रियामा खटिने चिकित्सक, एनेस्थेसिया, नर्सिङ्ग कर्मचारी लगायत अन्य सहयोगी कर्मचारीहरुलाई प्रोसिडियर वापतको थप सुविधा उपलब्ध गराउन सक्नेछ । यो उपनियम लागु हुन अघि बर्दिवास अस्पताल व्यवस्थापन समितिको निर्णयबाट प्रदान गरीएका थप सेवा सुविधाहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

६) २४ शै घण्टा सेवा दिन अस्पतालमा कार्यरत मेडिकल सुपरिटेण्डेन्ट, कन्सल्टेण्ट चिकित्सक, मेडिकल अधिकृत, ऐनेस्थेसीया, एक्स-रे र नर्सिङ कर्मचारीहरुको लागी स्थायी आवास भवन निर्माण नभए सम्म अस्पताल व्यवस्थापा समिति वा नगरपालिकाले आवासीय भवनहरु भाडामा लिई आवास सुविधा उपलब्ध गराईने छ । बर्दिवास नगरपालिका भित्र स्थायी बसोवास भएका कर्मचारीहरुको हकमा यो सुविधा लागु हुने छैन ।

०८०/१२/१८
धर्मानन्द जोशी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner